# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, चैत १६ गते २०६० साल (संख्या ५०

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

प्रहरी नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "प्रहरी (आठौं संशोधन) नियमावली, २०६०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रहरी नियमावली, २०४९ को नियम ५४ मा संशोधन: प्रहरी नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५४ को,-

१) उपनियम (२) मा रहेका "एक सय पचास" भन्ने शब्दहरूका सट्टा "एक सय असी" भन्ने शब्दहरू राखिएका छन् ।

२) उपनियम (४) मा रहेका "एक सय बीस" भन्ने शब्दहरूको सट्टा "एक सय असी" भन्ने शब्दहरू राखिएका छन् ।

३) उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम १०१ मा संशोधन: मूल नियमावलीको नियम १०१ को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन्:-

"(१) बीस वर्ष वा सोभन्दा बढी समयसम्म प्रहरी सेवामा काम गरेको प्रहरी कर्मचारीले नोकरीबाट अवकास पाएको मितिदेखि निवृत्तभरण पाउनेछ ।

(२) उपनियम (१) बमोजिम निवृत्तभरण दिने प्रयोजनका लागि देहायबमोजिमको दरले हिसाब गरिनेछ:-

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{५०}$$"

आज्ञाले,
अनन्तराज पाण्डे
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४२, संख्या ३३, मिति २०४९।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वाणिज्य मन्त्रालयको सूचना १ को अनुसूची–२ को पैठारीका लागि पूर्ण बन्देज लागेका वस्तुहरूको खण्ड १ को उपखण्ड १.३ को सट्टा देहायको उपखण्ड १.३ राखेको छ ।

"१.३ रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम १८ बमोजिम लाइसेन्स लिन नपर्ने रेडियो यन्त्रबाहेक वायरलेस, वाकिटकी, कर्डलेस, प्रसारण यन्त्र, स्याटेलाइट कम्युनिकेसन, स्याटेलाइट रिसिभर, लिङ्क रेडियो उपकरण जस्ता रेडियो उपकरण र अन्य यस्तै शब्दवाहक, संवादवाहक, दृश्यवाहक, तथ्याङ्कवाहक, रेडियो यन्त्रहरू (श्री ५ को सरकारको स्वीकृतिप्राप्त बाहेक) ।"

आज्ञाले,
तारा गौतम
श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना १

श्री ५ को सरकारको २०६०साल फागुन १८ गतेको निर्णयानुसार निजामती सेवा, नेपाल न्याय सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरी देहायबमोजिम पदस्थापन गरिएको छ ।

| क्र.सं. | नाम, थर | पदस्थापन गरिएको पद र मन्त्रालय/आयोग |
|---|---|---|
| १. | श्री हरिप्रसाद न्यौपाने | सचिव, नेपाल कानून सुधार आयोग |
| २. | श्री कुलरत्न भुर्तेल | सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |

### सूचना २

श्री ५ को सरकारको मिति २०६० साल फागुन १८ गतेको निर्णयानुसार क्षेत्रीय प्रशासन कार्यालय, पूर्वाञ्चल विकास क्षेत्र, धनकुटाका क्षेत्रीय प्रशासक श्री विष्णुदत्त उप्रेतीलाई रक्षा मन्त्रालयको सचिव पदमा सरुवा गरिएको छ ।

आज्ञाले,
महेन्द्रनाथ अर्याल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

26

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।